तारकेश्वर नगरपालिका

तारकेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाडौ

बागमती प्रदेश, नेपाल

# राजपत्र


| भाग २ | खण्ड ८ | संख्या २ | मिति: २०८१/०८/१९ |
|---|---|---|---|


## पशुपंछी विकास शाखाको कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**प्रमाणीकरण मिति: २०८१।०५।२२**

**प्रस्तावना:-**

पशु विकास कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयनमा एकरुपता, पारदर्शीता तथा प्रभावकारिता ल्याउन कार्यक्रमको प्राविधिक र आर्थिक मापदण्ड तथा कार्यविधिको आवश्यकता पर्दछ । यी मापदण्ड तथा कार्यविधिहरुले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने आधार प्रदान गर्ने स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ र तारकेश्वर नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोगगरि पशु सेवा कार्यक्रम कार्यान्वयनको लागि तारकेश्वर नगरपालिकाको पशु विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि ,२०८१ तयार गरिएको छ ।

## परिच्छेद–१

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम "तारकेश्वर नगरपालिकाको पशुपंछी विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठक बाट पारित भएपछी लागु हुने छ ।



CamScanner

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कारयविधिमा,-

(१) "नगपालिका" भन्नाले तारकेश्वर नगरपालिका लाई सम्झनु पर्ने छ ।

(२) "नगर कार्यपालिका" भन्नाले तारकेश्वर नगरपालिका बाट गठित नगर कार्यपालिका समितिलाई सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले तारकेश्वर नगरपालिकाको कार्यालय लाई सम्झनु पर्दछ ।

(४) "शाखा" भन्नाले यस नगरपालिकाको पशुपंछी विकास शाखा लाई सम्झनु पर्दछ ।

(५) "कर्मचारी" भन्नाले यस तारकेश्वर नगरपालिका तथा पशुपंछी विकास शाखामा कार्यरत कर्मचारी लाई सम्झनु पर्दछ ।

(६) "शाखा प्रमुख" भन्नाले यस शाखामा कार्यरत पशु विकास अधिकृत/ पशु चिकित्सक सिनियर कर्मचारीलाई सम्झनु पर्दछ ।

(७) "पशु विकास अधिकृत" भन्नाले पशुपंछी विकास शाखामा पशु विकास अधिकृत पदमा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

(८) "पशु चिकित्सक" भन्नाले पशुपंछी विकास शाखामा पशु चिकित्सक पदमा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

(९) "सहायक कर्मचारी" भन्नालेपशुपंछी विकास शाखामा सहायक पदमा कार्यरत कर्मचारी लाई सम्झनु पर्दछ ।

(१०) "कृषक" भन्नाले पशुपालक कृषक, पशुपालक कृषक समूह, पशुपालक कृषक समिति/सहकारी र व्यवसायिक पशु/पंछी पालन फर्म क्षेत्र मा पशुपालन कार्य गर्ने ब्यक्तिलाई जनाउने छ ।

(११) "पकेट क्षेत्र" भन्नाले (सङ्घीय/ प्रदेश/स्थानीय) सरकारले बजेट ब्यवस्था गरि तोकिएको कार्यक्रम सञ्चालन गर्न संभाब्यताको आधारमा निर्धारित पकेट क्षेत्र जनाउने छ ।

(१२) "शिविर" भन्नाले यस नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने पशुस्वास्थ्य संग संबन्धित विभिन्न प्रकारका शिविरलाई जनाउछ ।

(१३) "समूह, समिति र मूल समिति" भन्नाले पशुपालन गर्ने उद्देश्यले वा पशुपालन गरिरहेका कृषक हरुको पशुपालन संबन्धि कामकाज, समस्या सामाधान गर्ने उद्देश्यले गठन गरिएको समूह र यस्ता धेरै समूहको प्रतिनिधित्व गर्न गठित वडा समिति तथा यस नगरपालिका भरिका वडा समितिहरुको साथै समूहहरुको प्रतिनिधित्व गर्ने एउटा मूल समितिलाई संझनु पर्नेछ ।



CamScanner

(१४) "लागत साझेदारि" भन्नाले पशुपालक कृषकलाई पशुपालन कार्यमा सहयोग पुर्याई पशुजन्य उत्पादनमा बृद्धि ल्याउने अभिप्रायले पशुपालन गर्दा लाग्ने खर्चमा केहि निश्चित रकम अनुदान सहयोग लाई सम्झनु पर्नेछ।

(१५) "पशु / पशुपन्छी" भन्नाले घरपालुवा सबै प्रकारका पशुपन्छी तथा माछा समेत लाई बुझ्नु पर्दछ।

## परिच्छेद–२

### ३. <u>शाखा प्रमुख,पशु चिकित्सक र पशुपालन (समूह/समितिका )कार्य समितिको काम कर्तव्य र अधिकार</u>

**३.१ शाखा प्रमुखको काम कर्तव्य र अधिकार:- देहाय बमोजिम हुनेछ।**

(१) तारकेश्वर नगरपालिकाले लिएको नीति तथा कार्यक्रम बमोजिम उद्धेश्य प्राप्तिका लागी स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्ने ।

(२) शाखामा कार्यरत कर्मचारीहरुको बरियता अनुसार कार्य जिम्मेवारी लिखित रुपमा तोक्ने वा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन अनुसार जिम्मेवारी तोक्ने।

(३) शाखाका सम्पूर्ण (जिन्सि नगद तथा कार्यक्रमहरुको) आर्थिक तथा प्रशासनिक कामकाजको जिम्मेवारी बहन गर्ने।

(४) हरेक बर्षको वार्षिक कार्यक्रम तय गर्न कार्यक्रम तर्जुमा गोष्ठिको आयोजना गर्ने, कर्मचारीहरुमा कार्य जिम्मेवारी बाँडफाड गर्ने।

**३.२ पशु चिकित्सकको काम कर्तव्य र अधिकार:- देहाय बमोजिम हुनेछ।**

(१) शाखा प्रमुखको अनुपस्थितिमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको जिम्मरेवारी/शाखा प्रमुखको काम गर्ने।

(२) वार्षिक क्यालेण्डर/कार्यक्रम कार्य योजना तयार गर्ने।

(३) सिप विकास तालिमहरुको संयोजन गर्ने /संयोजकको भुमिका निर्वाह गर्ने।

(४) वार्षिक कार्यक्रम/कार्यक्रम तर्जुमा गोष्ठि तथा प्रगति समिक्षा गोष्ठि शाखा प्रमुखको सल्लाहमा आयोजना गर्ने।

(५) नीति तथा कार्यक्रम र मापदण्डहरु तयार गर्न सदस्य सचिव/शाखा प्रमुखको अनुपस्थितिमा सो कार्य गर्ने।

(६) शाखाका कर्मचारी परिचालनमा शाखा प्रमुखलाई सहयोग गर्ने।



CamScanner

**३.३. <u>पशुपालन (समूह/समितिका )कार्य समिति संरचना गत काम कर्तव्य र अधिकार</u> :- देहाय बमोजिम हुनेछ ।**

**क. अध्यक्षको काम कर्तब्य र अधिकार:- देहाय बमोजिम हुनेछ ।**

(१) समूह समितिको संम्पूर्ण गतिविधिमा गम्भिरता पूर्वक कार्यजिम्मेवारी लिने पशुपालक कृषकहरु प्रति जिम्मेवार हुने ।

(२) समूह समितिको बैठक बोलाऊन समूह/समितिका सचिव लाई निर्देशन दिने र समूह परिचालनमा ध्यान दिने ।

(३) मातहतका समूह समितिको अभिभावकत्व निर्वाहा गर्ने । समूहहरु लाई सकृय रहनमा मद्दत गर्ने ।

(४) बैठकमा निर्णायक भूका निर्वाहा गर्ने ।

**ख. बरिष्ठ उपा-ध्यक्ष/उपाध्यक्षको काम कर्तव्य र अधिकार:- देहाय बमोजिम हुनेछ ।**

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गरने संपुर्ण कार्यभार सम्हाल्ने ।

(२) अध्यक्षलाई समूह समिति परिचालनमा सहयग गर्ने ।

**ग. माहासचिव/सचिव/सह-सचिवको काम,कर्तब्य र अधिकार:- देहाय बमोजिम हुनेछ ।**

(१) अध्यक्षको निर्देशन अनुसार समूह समितिको बैठक आवहान गर्ने ।

(२) बैठक परिचालन गर्ने तथा बैठकमा माईन्यूट तयार गर्ने ।

(३) कार्यक्रममा उद्धोषणको भुमिका निर्वाह गर्ने ।

**घ. कोषाध्यक्षको काम,कर्तब्य र अधिकार:- देहाय बमोजिम हुनेछ ।**

(१) समूह समितिका सम्पुर्ण आर्थिक हिसाव किताव राख्ने ।

(२) कोष वृद्धि हुने किसिमका नयाँ आर्थिक प्रस्तावहरु ल्याउने ।

**ङ. सदस्यहरुको काम,कर्तब्य र अधिकार:- देहाय बमोजिम हुनेछ ।**

(१) समूह समितिको हितमा काम काज गर्ने ।

(२) बैठकमा विचार राख्ने तथा छलफलमा सकृय सहभागिता जनाउने ।

(३) सम्पूर्ण पशुपालक कृषकहरुको प्रतिनिधित्व गर्दै छलफलमा तर्क प्रस्तुत गर्ने ।



CamScanner

# परिच्छेद–३

४. कार्यक्रमको प्राविधिक र आर्थिक पक्षपशु सेवा प्रसार कार्यक्रम, सिप विकास तालिम कार्यक्रम, नगरपालिका स्तरीय कृषक गोष्ठी,शिविर कार्यक्रम,उत्कृष्ट कृषक सम्मान . बाख्रापालक कृषक परिवारहरुमा बाख्रा पैँचो कार्यक्रम कार्यक्रम, विशेष अनुदानमा कृषि औजार, उपकरण, सामाग्रीहरु वितरण कार्यक्रम,प्रकृतिक प्रकोप/आकस्मिक रोग नियन्त्रण कार्यक्रम (जैविक सुरक्षा):

## ४.१. पशुपालक कृषक समूह /समिति/मूल समिति गठन र परिचालन

### ४.१.१ उद्देश्य:

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि/पशु सेवा प्रसार कार्यलाई टेवा पुर्याउने यो कार्यक्रमको उद्धेश्य रहेको छ । पशुपालक कृषकहरु लाई प्रभावकारी सेवा प्रवाह गर्न तथा कार्यालयको लक्ष्य प्राप्ति गर्नु यस कार्यक्रमको उद्धेश्य रहेको छ ।

### ४.१.२ . कार्यविधि:

यस तारकेश्वर नगरपालिकाले कृषि/पशुसेवा शाखा मार्फत सञ्चालन गरीने कृषि तथा पशु सेवा सम्वन्धी संम्पर्ण कार्यक्रमहरुलाई नगरपालिका क्षेत्रका सबैजसो वडा तथा गाँऊ/टोलहरुमा छिटो छरीतो र प्रभावकारी ढंगबाट सेवाग्राहि समक्ष पशुपालन कार्यमा सेवा पुर्याउने अभिप्रायले यस प्रकारका पशुपालक कृषक सञ्जाल तयार गरि पशुसेवा कार्यक्रमहरु कार्य-संपादन गरिने छ ।यस प्रकार गठन गरिएका समूह / समिति/ मूलसमिति तथा सहकारीहरुहरु लाई निरन्तरता दिनका लागी साथै कृषि तथा पशुपालन संबन्धीआई रहने समस्या निराकरणका लागी समिति/मूलसमितिहरुको खाता मा केहि रकम रहनेगरि आर्थिक नियमावली तयार गरि रकम परिचालन गरिने छ ।

## ४.२. कृषि तथा पशुपालन मूल समुह/समिति गठन र परिचालन

वडा स्तरीय कृषि / पशुपालन समिति गठन भई सकेपछी सबै समिति बाट (१/१,२/२ वा ३/३) जना सदस्य तथा पशुपंछी विकास शाखाको प्रतिनिधि १ जना पदेन सदस्य रहने गरि मूल समिति गठन हुने छ । यस समितिको कार्यकाल ५ बर्षको अथवा यसको विधानमा व्यवस्था भए बमोजिम रहने छ । हरेक वर्ष बार्षिक साधारण-सभा समुह/समितिले आयोजना गर्नु पर्ने छ । यस समितिले पशुपालन गर्ने उद्देश्यले गठन भएका सबै किसिमका समूह तथा समितिहरुको अभिभावकत्व गर्नु यसको दायित्व हुने छ।

(क) मूल समितिको बैंक खाता अध्यक्ष, कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखत बाट संचालन हुने छ।

(ख) पहिलो वर्ष गरिने नियमित मासिक बैठक सञ्चालनको लागि समस्या भएमा कार्यालय बाट रकम व्यवस्था गर्न सकिने छ।

(ग) मसलन्द / समितिको आवश्यक भौतिक सामाग्री खरिदको लागि खर्च संवन्धी विनियम तयार गरि गर्नु पर्ने छ।

(घ) दोस्रो बर्ष देखी समिती सञ्चालन खर्चको लागी मासिक-कबैठकमा उठ्ने ले.वि.बाट खर्च गर्न मिल्नेछ।

(ङ) कोषमा रहेको रकम समिति पशुसेवा शाखा तथा पशुसेवा समितिको परामरर्शमाआर्थिक विनियम बनाएर मूल पुँजी नघटाई सेवा तथा आय मुलक कार्यमा लगानि गर्न सक्ने छ। अथवा बैंक खातामा नै रहने छ।

**कृषि, पशुपालन मूल समुह/समितिको कार्य समिति संरचना यस प्रकार हुनेछ।**

अध्यक्ष -१

बरिष्ठ उपाध्यक्ष -१

उपाध्यक्ष -१

महासचिव -१

सचिब - १

सह-सचिब –१

कोषाध्यक्ष –१

सदस्यहरु – ७

ता.न.पा. पशुपंछी विकास शाखा (पशु चिकित्सक - १ पदेन सदस्य)

यस समितिलाई परिचालन तथा नियमित कार्यक्रम गर्न आवस्यक सरसल्लाहाको लागि तिन/पाँच सदस्य भएको सल्लाहाकार समिति र तिन सदस्य भएको लेखा समितिको गठन गर्नु पर्ने छ।

## ४.३. वडास्तरीय कृषि तथा पशुपालन समिति गठन

(क) एउटा वडास्तरीय समिती मार्फत ३,४ देखि ५ वटा वा आवश्यकता अनुसार पशुपालक कृषक समूह रहने छन्। जसले पुरै वडाका सबै जसो टोल/गाँऊ समेटिने व्यवस्था मिलाई



CamScanner

गठन गर्नु पर्नेछ  र ठुलो क्षेत्रमा पशुपालन भए वा टोलहरु धेरै भएका ठाँऊहरुमा  समूहको मातहातमा ऊप-समूह  वडा समितिको पहलमा गठन गर्न सक्ने छ।

(ख) वडा समितिले आफ्नो वडाभित्रका सबै पशुपालन समूहहरु लाई परिचालन गर्ने पुरस्कार तथा कार्वाहिको लागी सिफारीस गर्ने समूह परिचालनको व्यवस्था मिलाऊने समूह समूहमा विभिन्न रचनात्कम कृषक मुखि काम गर्न सक्नेछ।

(ग) नियमित समूहहरुका मासिक बैठक सञ्चालनको लागी  निर्देशन दिने तथा माईन्युट तयार गर्न सिकाऊने छ।

पशुपालन वडा कार्य समिति संरचना यस प्रकार हुनेछ।

अध्यक्ष  - १

उपाध्यक्ष  - १

सचिब     -१

स-सचिव   -१

कोषाध्यक्ष -१

सदस्यहरु - १०

**नोट**: पशुपालन समूहहरुवाट (१/१,२/२ वा ३/३) जना प्रतिनिधिहरुवाट पशुपालन वडा समिति गठन हुने भएकोले समूह संख्याको आधारमा वडा समितिको संरचना  १५ सदसिय  हुने छ।

## ५. पशुपालन समूह गठन / पुनर्गठन कार्यक्रम

प्रत्येक वडाका सबै टोललाई समेटिने गरी यस ता.न.पा. भित्र पशुपाल समूह गठन गरिने छ। कृषकहरुलाई पशुपालन समूह/समितिमा संगठित वा पुनर्गठित हुनको निमित्त पशु सेवा प्रसार कार्यकर्ताहरु/पशु सेवा कार्यालयका प्राविधिक / कर्माचारीहरुले विभिन्न लक्षित ठाउँमा कृषक भेला गरी १५ देखी २५ जना कृषकहरुको सहभागीता रहने गरी कृषक समूहको गठन गर्न सकिने छ यसरी गठन भएका एउटा वडा भित्रका सबै समूहका (१/१, २/२  वा ३/३ ) जना प्रतिनिधि लाई लिएर एऊटा वडा स्तरिय समिति तथा हरेक वडास्तरीय समितिवाट (१/१, २/२  वा ३/३ )जना कृषक प्रतिनिधि लाई लिएर १ नगरपालिका स्तरीय पशुपालन मुल समिति गठन गरिनेछ।

कृषक समूहका सदस्यहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, विधान र निवेदन दस्तुर वापत रु. ५००।- साथै राखि शाखामा कृषक समूह/समिति दर्ताका लागि निवेदन दिनु



CamScanner

पर्नेछ । पेश भएको निवेदन जाँचबुझ गर्दा उपयुक्त देखिएमा अनुसूची १ मा तोकिएको ढाँचामा प्रमाण-पत्र प्रदान गरिनेछ । प्रमाण- पत्रको अवधी एक वर्षको हुनेछ । प्रमाण-पत्रको म्याद सकिएको मितिले ३५ दिन भित्रमा रु१०० ।- तिरि नविकरण गर्न सकिनेछ । म्याद सकिएको ३६ औं दिन देखी एक बर्षसम्म रु ३००।- र सो भन्दा बढी अवधी भएमा प्रति वर्ष रु ५००।- को दरले रकम नविकरण शुल्क लाग्नेछ ।

**५.१. आर्थिक मापदण्डः**

(क) समूह गठन कार्यमा प्रति ब्यक्ति रु २००। का दरले खाजा र स्टेशनरीमा रु १०० तथा प्रचलित स्थानीय बजार दर अनुसार (हल भाडा तथा अन्य विविध खर्चको लागि) न्युनतम रु.५हजार देखि बढीमा रु १५००० हजार सम्म रकम खर्च गर्न सकिनेछ ।

(ख) पशु/पंछीपालन पेशा अंगालेका कृषकलाई मात्र समूह/समितिमा प्राथमिकता दिई सहभागी छनौट गरिनेछ ।

(ग) वडा समिति गठन गर्दा वा पुनर्गठन गर्दा दफा ५ को उपदफा ५.१आर्थिक मापदण्डको बुँदा नं. (क) मा जस्तै खर्च हुने छ ।

(घ) मुल समितिको गठन पछी समिति परिचालन गर्न खाजा / तथा विविध खर्चको ब्यवस्था मूल समितिको आर्थिक अवस्था कम्जोर भएको खण्मा सम्बन्धित कार्यक्रम शिर्षक बाट गरिने छ । अन्यथा समितिले व्यहोर्नु पर्ने छ ।

**६. सिप विकास तालिम कार्यक्रमः**

**६.१ नगरपालिका स्तरीय पशु/ पंछीपालन तालिमः**

(क) तालिम संयोजक /व्यवस्थापन समूहलेले निम्नानुसार कार्य गर्नुपर्नेछ ।

(ख) सहभागी हुने कृषकहरुलाई तालिम बारे जानकारी गराई सहभागिता गराउनु पर्नेछ ।

(ग) तालिम कार्यक्रममा शैक्षिक सामाग्रिहरु (श्रब्य दृश्य सामाग्रीहरु समेत) को व्यवस्था मिलाउनुका साथै फिल्ड भ्रमण, प्रयोगात्मक कक्षाको कार्यक्रम सुनिश्चित गरिने छ ।

(घ) पशु/पंक्षीका विभिन्न विषयसँग सम्बन्धित स्थलगत र विशेष प्रकारका तालिमहरु ३ देखि ५ दिनसम्म सञ्चालन गरिनेछन् । यस तालिममा १५ देखी २५ जना सम्म कृषक सहभागी हुनेछन् । तालिममा १ घण्टा १५ मिनेटका दरले प्रति दिन ४ वटा कक्षा रहनेछन् ।



CamScanner

(ङ) स्थलगत र विशेष प्रकारका तालिमहरु सञ्चालन गर्दा आवश्यक श्रोत (जस्तै नमुना पशुपालन फर्म, घाँस खेति) भएका अन्तर स्थानीय तह र जिल्ला तथा प्रदेशमा समेत कृषक लगि तालिम सञ्चालन गर्न सकिने छ।

**६.१.१ उद्धेश्य:**

यस्ता तालिमहरुको मुख्य उद्धेश्य पशुपालक कृषकहरुको ज्ञान, शिप अभिवृद्धि गर्दै पशुजन्य उत्पादनमा उत्पादन लागत कम गरि उत्पादकत्व बढाउनु रहेको छ।

**६.१.२ कार्यविधि:**

(क) समूहमा योगदान पुर्याएको, आफुले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही पशु पंक्षी विकासमा केही गरौ भन्ने भावना भएको कृषक छनौट गरिने छ।

(ख) एक दिने तालिम समूहमा/ कृषकको घर गोठमा नै गएर सञ्चालन गरिने छ।

(ग) ३ दिने तालिममा २०% सैद्धान्तिक र बाँकी व्यबहारीक कक्षा समावेश गरि कार्यतालिका बनाई तालिम सञ्चालन गरिने छ।

(घ) ५ दिने तालिममा ४०% सैद्धान्तिक र बाँकी व्यबहारिक कक्षा समावेश गरि कार्यतालिका बनाई तालिम सञ्चालन गरिने छ।

**६.१.३ आर्थिक मापदण्ड:**

अनुसूची ३,४,५ र ६ मा उल्लेख भए बमोजिम हुने छ।

**६.२ घुम्ती स्थलगत व्यबहारीक पशुपालक कृषक तालिम**

विभिन्न पकेट क्षेत्रभित्रका तथा समूह/समितिका कृषक समूहलाई १/३/५ दिन अवधिको कृषक तालिम सञ्चालन गर्ने कार्य जरुरी भएको र पकेट क्षेत्रका कृषकहरुको समस्या समाधान गर्ने र समयसापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुर्यउन यस्तो तालिमको महत्वपुर्ण भूमिका रहेकोले यस किसिमको तालिम पकेटक्षेत्रमा तथा पशुपालक कृषक समूह / समितिहरुका लागि सञ्चालन गरिने छ।

**६.२.१ उद्धेश्य:**

(क) पशु/पंछीपालन, ब्यवसायीक पशु/पंछी पालन, घाँस खेती तथा माछा पालन लगायत अन्य महत्वपूर्ण प्रविधिको समय सापेक्ष रुपमा प्रसार एवम ज्ञान हस्तान्तरण गर्न यो कार्यक्रम सञ्चालन गरिने छ।



CamScanner

(ख) सम्बन्धित पशुपालनको पकेटक्षेत्र एवम् कृषकहरुलाई परेका समस्याहरुको स्थलगत रुपमानै समाधान गर्ने सिप प्रदान गरिने छ।

(ग) पशुपालक कृषकहरुलाई सुधारिएको/आधुनिक प्रविधि अनुसरण व्यवसाय गर्न उत्प्रेरित गर्ने र जागरुक कृषकलाई प्राविधिक र व्यवहारिक ज्ञान दिलाउने कार्य गरिने छ।

**६.२.२ कार्यविधिः**

(क) घुम्ती स्थलगत व्यवहारिक पशुपालक कृषक तालिम १/३/५ दिनको हुने छ।

(ख) तालिममा ३३ प्रतिशत महिला सहित न्युनतम १५ र बढीमा२५ जना सहभागी रहने छन्।

(ग) तालिम कार्यक्रम पशुपालन समूह/समितिमा सञ्चालन गरिने छ।

(घ) तालिममा सहभागी हुने कृषकहरुले आबास खर्च पाउने छैनन्।

(ङ) तालिममा १ घण्टा १५ मिनेटका दरले ४ वटा कक्षा भन्दाबढि कक्षा सञ्चालन गरिने छैन।

**६.२.३ आर्थिक मापदण्डः**

अनुसूची ३,४,५,र ६ मा उल्लेख भएबमोजिम हुनेछ।

**७. <u>नगरपालिका स्तरीय कृषक गोष्ठीः</u>**

कृषकको लागि तयार पारिएका कार्यक्रमहरुमा कृषकको पृष्ठपोषण (Feedback) अनिवार्य हुन्छ,तसर्थ कृष्कहरुलाई एकीकृत गरी पशु/पंछी पालनका प्रविविधका पक्षहरु (सरुवा रोग, जुनोटिक रोग,माहामरी जन्य रोग तथा ईपिडेमिक रोग नियन्त्रण आदि) मा छलफल, बहस बिश्लेषण गर्ने प्रयोजनका लागि नगरस्तरीय कृषक गोष्ठी आयोजना गरिनेछ।

**७.१ उद्देश्यः**

कृषकमूखि कार्यक्रम कार्यान्वयन कार्य योजना निर्माण देखि कार्यान्वयन, मल्याङ्कन सम्ममा कृषकहरुसंग औपचारिक एवम् अनौपचारिक रुपमा छलफल, बहस विश्लेषण गर्ने अवसर प्रदान गर्ने र ती कार्यहरुमा कृषकहरुको भुमिका बारेमा ज्ञान अभिवृद्धि गराउन यो कार्यक्रम आयोजना गरिनेछ।

**७.२ कार्यविधिः**

सहभागी कृषकहरुलाइ १ दिने गोष्ठीको मिति निर्धारण भएपछि अग्रिम रुपमा सूचित गरिनेछ। सकेसम्म सहभागीहरुलाई बढी भन्दा बढी छलफलमा भाग लिने वातावरण



CamScanner

सृजना गराईने छ । कृषकहरु सहभागी गराई यस्ता गोष्ठीको सुरवात पशु सेवा कार्यकर्ताबाट शुरु गरि कृष्कहरुलाई छलफमा अभिप्रेरित गर्दै सबैको सहभागिता जनाइनेछ ।

**७.३ आर्थिक मापदण्ड:**

अनुसूचि ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

## ८. शिविर कार्यक्रम:

### ८.१ पशुस्वास्थ्य शिविर

**(क) पशुस्वास्थ्य शिविर:-**

यस नगरपालिका क्षेत्र भित्र पशुपालन गर्दै आऊनु भएका पशुपालक कृषकहरुको हितलाई मध्यनजर गर्दै कृषकहरुको  पाएक पर्ने गाँऊ/टोलमा पशु स्वास्थ्य शिविर आयोजना गरि सेवा प्रदान गरिने छ ।

**(ख) बाँझोपन निवारण शिविर:-**

यस नगरपालिका क्षेत्र भित्र पशुपालन गर्दै आऊनु भएका पशुपालक कृषकहरुको हितलाई मध्यनजर गर्दै कृषकहरुको  घर गोठमानै गई बाँझोपन भएका गाई/भैसि तथा पाडी/बाछीहरुमा  बाँझोपन निवारण शिविर आयोजना गरि सेवा प्रदान गरिने छ ।

**(ग) सामुदायिक कुकुर बन्ध्यकरण तथा रेविज भ्याक्सिनेसन शिविर**

यस नगरपालिका क्षेत्र भित्र अनियन्त्रित रुपमा बढ्दै गएको वेवारिसे सामुदायिक कुकुरहरु नियन्त्रण गर्न तथा रेविज भ्यक्सिनेसन गर्नको लागि स्थायी बन्ध्याकरण तथा रेविज भ्यक्सिनेसन शिविर आयोजना गरी सेवा प्रदान गरिने छ ।

**८.१.१ उद्देश्य:**

(क) सामुदायीक कुकुरहरु बढदो  संख्या नियन्त्रण गर्न ।

(ख) कुकुरहरुलाई लाग्ने  तथा मानिसमा समेत सर्ने रेविज रोगको भ्यक्सिनेसन र स्थायी बन्ध्याकरण गरि नगरवासीहरुलाई रेविज रोगको जोखिम न्युनिकरण गर्न ।

(ग) सामुदायीक कुकुर बाट हुनसक्ने सड्क दुर्घटना कम गर्ने ।



CamScanner

### ८.१.२ कार्यविधिः

(क) पशुस्वास्थ्य शिविर यस नगरपालिका क्षेत्र भित्र पशुपालक कृषकहरुको पशुस्वास्थ्य, पशुव्यवस्थापन लगायतका समस्याहरु लाई न्यूनिकरण गर्ने उद्देश्यले बढि भन्दा बढी कृषकहरुको पाएक पर्ने तथा कृषक समूह/समिति/सहकारी सञ्चालन भएका क्षेत्रमा यस किसिमका शिविर कार्यक्रम सञ्चालन गरिने छ ।

(ख) पशुपालक कृषकहरुको हितलाई मध्यनजर गर्दै कृषकहरुको घर गोठमै गई बाँझोपन भएका गाई/भैंसि तथा कोरली पशुहरुमा बाँझोपन निवारण शिविर आयोजना गरि सेवा प्रदान गरिने छ।

(ग) सामुदायिक कुकुर बन्ध्यकरण तथा रेविज भ्याक्सिनेसन शिविर यो कार्यक्रम सञ्चालनको लागी सूचना प्रकशित गरि सुची दर्ता भएका संघ संस्थाहरुसंग कोटेसन माग गरी शिविर सञ्चालनको कार्य गरिनेछ।

(घ) कार्यक्रम समाप्ति पछी सामूदायिक कुकुर नियन्त्रण गर्न गरिएको कार्यक्रम विवरण सहित प्रतिवेदन सम्बन्धित निकाय लाई दिनु पर्नेछ।

### ८.१.३ आर्थिक मापदण्ड

(क) सामुदायिक कुकुर बन्ध्यकरण तथा रेविज भ्याक्सिनेसन शिविरको हकमा सुचना प्रकशित गरि संबन्धित संघ संस्थाहरुसंग कोटेसन मागि शिविर सञ्चालनको कार्य गरिनेछ । सञ्चालन गरिएको कार्यक्रम विवरण सहित प्रतिवेदन सम्बन्धित निकायमा लाई पेश गर्नु पर्नेछ र सो को आधारमा रकम भुक्तानीका लागी प्रकृया अगाडी बढ्नेछ।

(ख) यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्न सम्वन्धित कार्यलयमा विनियोजित रकम बाट खर्च गरिने छ। खर्च गर्दा भर्पाई तथा विल / आवश्यक कागजातहरु संलग्न राखिने छ।

(ग) पशु स्वास्थ्य शिविरको हकमा औषधि वितरण तथा आवश्यक ऊपकरण र विशेषज्ञ प्राविधिक खर्च नगरपालिका/पशुपंछी विकास शाखाले कार्यक्रम खर्च शिर्षकबाट व्यहोरिने छ।

(घ) अन्य शिविरको हकमा सम्पुर्ण खर्च आयोजकको कार्यक्रम खर्च शिर्षकबाट गर्ने छ।

(ङ) स्थान छनौट ट्रेविज निर्माण खाना खर्च सम्बन्धित कार्यक्रम खर्चबाट गरिने छ।



CS CamScanner

## ९. उत्कृष्ट कृषक /कृषक समुह/समिति सम्मान कार्यक्रमः

### ९.१. उद्देश्यः

(क) ब्यवसायीक पशु/पंछीपालन,घाँस खेति,दुग्धउत्पादन,तथा समूह/समिति परिचालन जस्ता कृयाकलापमा नयाँ र उन्नत प्रविधिहरु अपनाउने कृषकहरुका साथै नयाँ उन्नत प्रविधि अपनाई नसकेका कृषकहरुलाई समेत नयाँ तथा उन्नत प्रविधि अपनाउन प्रोत्साहित गर्न र कृषक र समूह/समितिको योगदानको कदर गर्नका लागि समेत उत्कृष्ठ कृषक/ समूह/समिति सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) यस कार्यक्रमको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्न चाहने कृषकहरुको अभिलाषा पुरा गर्दै कृषकको आत्मविश्वास अभिवृद्धि गर्न विशेष योगदान पग्नेछ ।

### ९.२. कार्यविधिः

मूल्यांकनको लागि नगर प्रमुख/उप-प्रमुख ज्यूको संयोजकत्वमा प्राविधिक टोली गठन गरी अनुगमन र मूल्यांकनको आधारमा उत्कृष्ट कृषक र समूह/समिति हरुलाई उन्नत पशु / पंछीपालन, घाँस-खेति,दुग्ध उत्पादन,तथा समूह/समिति परिचालन जस्ता कृयाकलापमा विभिन्न समूहमा विभाजन गरी समूहगत रुपमा कृषकहरुलाई पुरस्कृत गरिनेछ ।

**पुरस्कार मूल्याङ्कन समिति निम्न अनुसार हुने छ ।**

प्रमुख प्रशासकिय अधिकृत वा निजको प्रतिनिधी .............१

संबन्धित वडाका वडाध्यक्ष वा प्रतिनिधी ................१

शाखा प्रमुख (पशुपन्छी विकास शाखा ) ..................१

अध्यक्ष (कृषि/पशुपालन मूल समुह/ समिति)..............१

पशुचिकित्सक/प्रविधीक (पशुपन्छी विकास शाखा)सदस्य सचिव .........१

### ९.३. आर्थिक मापदण्ड:

(क) प्रथम पुरस्कार :- रु.२० हजार वा जिन्सि सामान

(ख) द्वितिय पुरस्कार :- रु.१५ हजार वा जिन्सि सामान

(ग) तृतिय पुरस्कार :- रु.१० हजार वा जिन्सि सामान

(घ) सान्तवना पुरस्कार :- रु.५ हजार वा जिन्सि सामान

नोट:- नगद पुरस्कारमा नियमानुसार करकट्टी हुनेछ ।



CamScanner

## १०. बाख्रापालक कृषक परिवारहरुमा बाख्रा पैँचो कार्यक्रम

यस नगरपालिकामा वसोवास गर्ने बाख्रापालन गर्न चाहने कृषक परिवारहरुमा बाख्रापालन गरि आयआर्जन गर्न व्यवसायीक बाख्रापालन गर्ने कृषकहरुको हितलाई ध्यानमा राखि यस नगरपालिकाको वडा नं १,२ र ३ का माथिल्लो भेगको पारिलो तथा घाँस-खेतियोग्य भू-भागमा उन्नत बोयर जातको बाख्राको विकास र विस्तारको लागी सानो लगानीबाट धेरै भन्दा धेरै कृषक परिवार लाभान्वित गराउने प्रयास स्वरुप कृषकहरुमा बाख्रा पैँचो लिने-दिने गर्ने गरि बाख्रा वितरण गरेर कार्यक्रम सञ्चालन गरिनेछ।

### १०.१ उद्देश्यः

(क) स्थानीय बाख्रापालक कृषक, समुदायमा सम्भाव्यता लाई अध्ययन गरी समूह गठन गरिने छ। बाख्रापालन गर्न चाहाने कृषकहरुको आयस्तर बढाउने उद्देश्य राखि यस प्रकारका कार्यक्रम राखिएको छ।

(ख) घाँस खेति तथा चरन क्षेत्र लाई मध्य नजर गरी कृषकहरुको आयस्तर उकास्न उन्नत प्रजातिका बाख्राको वोका तथा बाख्रा विस्तार गर्न यस प्रकारका कार्यक्रम राखिएको छ।

### १०.२ कार्यक्रम सञ्चालन कार्यविधि

(क) स्थानीय बाख्रापालक कृषक, समुदायमा १५ सदस्य रहेको एक समूह गठन गरी वा गठन भैसकेका बाख्रापालन/पशुपालन गर्न चाहाने कृषकहरुको समूह अनुदानमा व्यवस्थित तरिका बाट बाख्रापालन गर्नका लागी तारकेश्वर नगरपालिका पशुपंछी विकास शाखाको प्रतक्ष्य अनुगमन र निगरानिमा प्रति ब्यक्ति / परिवार लाई बढिमा रु.२०,०००।- मुल्य बराबरको उन्नत जातको बाख्राको पाठी खरिद प्रति समूह ५ जना / परिवार लाई बाख्रा वितरण गरिनेछ  तर रकम वितरण गरिने छैन। यसरी विरतरण गरिएका बाख्रा प्राप्त गर्ने कृषकले अर्को बर्ष प्रति बाख्रा १ पाठी पैँचो स्वरुप फिर्ता गर्नु पर्ने हुन्छ। यसरि पैँचो दिने पाठी ५ महिना उमेर भएको हुनुपर्ने छ र सो पाठी अर्को कृषकलाई वितरण गरिने छ।

(ख) कार्यक्रम सञ्चालन गर्नु पहिले सम्भाव्यता लाई अध्यायन गरी, घाँस खेति तथा चरन क्षेत्र लाई मध्यनजर गरी कृषकहरुको समूह गठन गरीने छ।

(ग) छनौटमा परेका कृषकहरुले अनुदानमा बाख्रा नगरपालिकाको तर्फबाट र प्राप्त गर्नेछन्। तारकेश्वर नगरपालिका र पशुपंछी विकास शाखाले अनुगमन गरे पश्चात कार्यक्रम सञ्चालन हुने छ।



CamScanner

(घ) कार्यक्रम हुनु अघि छोटो अवधिको बाख्रापालन तालिम सञ्चालन गरि कृषकलाई सु-सूचित गरिने छ।

(ङ) कार्यक्रम सञ्चालन एक समूहमा ३ बर्ष सम्म रहने छ र तेस्रो बर्ष सम्ममा १५ जना कृषकनै कार्यक्रममा सहभागी भै सक्ने छन्।

**१०.३ आर्थिक मापदण्ड:**

(क) प्रति ब्यक्ति / परिवार लाई बढिमा रु.२००००।- मुल्य बराबरको उन्नत जातको बाख्राको पाठी खरिद प्रति समूह ५ जना/परिवार लाई बाख्रा खरिद गरि वितरण गरिनेछ।

(ख) तर रकम वितरण गरिने छैन। यसरी विरतरण गरिएका बाख्रा प्राप्त गर्ने कृषकले अर्को बर्ष प्रति बाख्रा १ पाठी पैँचो स्वरुप फिर्ता गर्नु पर्ने हुन्छ।

(ग) भवितव्य/ भैपरि आउने समस्या लाई सम्बोधन गर्न केहि रकम कार्यक्रम दैरान विनियोजन गर्नु पर्छ।जसले गर्दा कार्यक्रम सञ्चालनमा अवरोध नपरोस।

**११. <u>विशेष अनुदानमा कृषि औजार, उपकरण, सामाग्रीहरु वितरण कार्यक्रम</u>:**

नमुना गोठ / खोर निर्माण,च्यापकटर, विऊ बोका/बाख्रा, मिल्किङ्ग मेसिन, चिलिङ्ग भ्याट, मिल्क क्यान, काऊ म्याट, चुन, औषधि वितरण, ग्रेन्डर,भकारो सुधार,पशु नश्लसुधार,माछा प्रवर्धन, पशुआहारा प्रवर्धन लगायतका अत्यावश्यक कृषि सामाग्री र उपकरणहरु विभिन्न पशुपन्छि प्रवर्धन कार्यक्रमहरु अनुदानमा कृषकहरुलाई सहज रुपमा उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता सामाग्रीहरु शाखाले सार्वजनिक सूचना प्रकाशित गरी निवेदन माग गर्नेछ र छनौटमा परेका कृषकहरुलाई परेको मूल्यको केही प्रतिशत मुल्य अनुदानमा उपलब्ध गराईनेछ।

शाखा मार्फत गोवर परिक्षण पसश्चात नाम्ले जुकाको औषधि तथा पशुआहार बृद्धि गर्न घाँसको विऊ शत प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ।

**११.१ उद्धेश्य:**

(क) पशुपन्छिपालनमा सकृय रहेका तर आर्थिक समस्याका कारण व्यवसाय प्रवर्धन गर्न तथा उचित लाभलिन कठिनाईमा परेका कृषकहरुलाई आर्थिक प्राविधिक तथा भौतिक सहयोग हुने।

(ख) कुनै एक स्थानमा लोकप्रिय भएको उन्नत जातका पशुपंछीहरुको सोही स्थानको हावापानीसँग मिल्दो अन्य उपयुक्त ठाउँमा उन्नत जातका पशुपन्छीहरुको सङ्ख्या विस्तार गर्नु यस कार्यक्रमको उद्धेश्य रहेको छ ।

(ग) कृषकहरुको आय स्तरमा सुधार गर्दै पशुजन्य उत्पादनमा बृद्धि गर्न ।

**११.२ कार्यविधि:**

(क) पशुपन्छिपालन व्यवसाय सञ्चालन गर्नु भएका तथा गर्न चाहाने पशुपन्छि पालक कृषकहरुको ईच्छा चाहाना अनुसार उन्नत जातका पशुहरुलाई सोही स्थानको हावापानीसँग मिल्दो अन्य कुनै ठाउँ बाट खरिद गरी वितरण गरी यो कार्यक्रम सञ्चालन गरिनेछ ।

(ख) वीउको लागी वितरण गरिएको पशुहरु बढीमा २ बर्ष वितरण गरिएको कृषकले पाल्न मिल्ने छ । अन्यथा हाड नाता प्रजनन् हुन गई विभिन्न समस्या आउने भएकाले २ बर्ष पछि अनिवार्य साटासाट गर्नु वा प्रतिस्थापन गर्नु पर्ने छ ।

(ग) वीउ पशुहरु प्राप्त गर्ने कृषकहरुले कृषक/पशुपालन पर्मको नाम, ठेगाना, वीउ पशु प्राप्त गरेको समय, प्रथमपटक बालि लगाएको समय, प्रयोग गरिएका औषधिहरु र समय, सेवाग्रहि कृषकको धारणा जस्ता विवरणहरुको अभिलेख तयार गरि विवरण अध्यमवधिक गरि राख्नु पर्ने छ ।

**११.३ आर्थिक मापदण्ड:**

नगरपालिका क्षेत्र भित्रका पशुपन्छीपालक कृषकहरुले माग गरेको सामग्री, पशुपन्छी वा कार्यक्रमहरुको लागत मूल्यमा केहि प्रतिशत अनुदान दिई वितरण गरिनेछ । बाहिरी जिल्लाहरु बाट खरिद गरि ल्यऊनु परेमा लाग्ने यातायात खर्च कार्यक्रम सञ्चालन खर्च बाट खर्च गर्न सकिनेछ ।

**१२. <u>प्रकृतिक प्रकोप/आकस्मिक रोग नियन्त्रण कार्यक्रम (जैविक सुरक्षा):</u>**

नगरपालिकाको विभिन्न स्थानमा संक्रमक रोग, आदिले पशु पंछीहरुलाई नोक्सान गर्ने र कहिलेकाँही यसले प्रकोपकै रुप लिन सक्ने हुँदा यस्तो अवस्थामा कृषकहरुको आर्थिक नोक्सानीबाट बचाउन आकस्मिक रोग नियन्त्रण सेवा उपलब्ध गराईनेछ ।

**१२.१ उद्धेश्य:**

आकस्मिक रोगको प्रकोपबाट पशु पंछीहरुलाई संरक्षण गर्न जैविक सुरक्षा तथा सचेतना कार्यक्रमहरु बाट सेवा सुविधा उपलब्ध गराई पशु/पंछी पालक कृषक, कृषक समूह,



CamScanner

समिति, सहकारी र पशु/पंछी पालक व्यवसायिक फर्महरुलाई आकस्मिक सेवा पुर्याई पशु तथा पशुजन्य ऊत्पादन प्रणालीमा पशु/पंछी पालक कृषक लाई उत्प्रेरित गर्नु यस कार्यक्रमको प्रमुख उद्धेश्य हो ।

**१२.२ कार्यविधिः**

(क) आकस्मिक रोगको प्रकोप देखापर्नासाथ प्रकोपको विवरण सहित नियन्त्रणका सम्भाव्य प्रक्रिया बारेमा छलफल र विश्लेषण गरिनेछ ।

(ख) आकस्मिक रोगको प्रकोप नियन्त्रण गर्न जैविक सुरक्षा प्रणाली तथा अन्य आवश्यक सरसामान के कति आवश्यक परेको हो सो को विवरण उल्लेख गरी प्रकोप नियन्त्रण गर्न स्थानीय कृषक समूह,समिति र सहकारी एवम् अन्य संघ संस्था हरुलाई समेत परिचालन हुन आवाहान गरिनेछ ।

(ग) विभिन्न प्रविधि प्रयोग गरी प्रकोप नियन्त्रण भई सकेपछि प्रयोग भएको विषादी र वातावरणमा परेको प्रभाव बारे विवरण सहितको प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

**१२.३ आर्थिक मापदण्डः**

(क) कृषकहरुलाई आकस्मिक रोग नियन्त्रण (जैविक सुरक्षा) पूर्ण अनुदानमा उपलब्ध गराईनेछ ।

(ख) आवस्यक सामाग्रीहरुको विवरण तयार गरी प्रचलित कानुन बमोजिम खरिद गर्न सकिनेछ ।

**१३. <u>भ्यक्सिन खरिद तथा व्यवस्थापन कार्यक्रम</u>**

यस नगरपालिका क्षेत्र भित्रका पशुपालक कृषकहरुका पशुहरु लाई विभिन्न प्रकारका सरुवारोग विरुद्धको भ्याक्सिन खरिद गरी कृषकहरुको घर गोठमानै सेवा दिनको लागी भ्याक्सिनेटर नियुक्त गरि आवश्यक खोप तथा सामाग्रि सहित भ्याक्सिनेटरहरु लाई खटाई सेवा प्रदान गरिने छ ।

**१३.१ उद्धेश्यः**

(१) कृषकहरुलाई हुन सक्ने आर्थिक नोक्सानि बाट जोगाउने ।

(२) पशुहरुलाई विभिन्न प्रकारका सरुवा रोग बाट जोगाउदै पशुधनको संरक्षण हुनेछ ।



CamScanner

**१३.२ कार्यविधि:**

(१) भ्याक्सीनेटर बढीमा डेढमहिना लाई नियुक्ति गर्न सकिने छ।

(२) पशु तथ्याङ्कको आधारमा आवश्यक डोज भ्याक्सिन खरिद गरिने छ।

(३) भ्याक्सिन खरिद गरी उचित व्यवस्थापन गरिनेछ।

(४) भ्यक्सिन आवश्यकता अनुसार खरिद तथा भण्डारण गरिने छ।

**१३.३ आर्थिक मापदण्ड:**

(क) ठुलो पशु प्रतिडोज रु २० र साना पशु प्रतिडोज रु.१० का दरले भ्यक्सिनेटरको पारिश्रमिक हुने छ।

(ख) व्यवस्थापन तर्फ बढीमा कार्यक्रम बजेटबाट २०% सम्म खर्च गर्न सकिने छ।

(ग) खोरेत, पिपिआर तथा अन्य भ्याक्सिनको चलन चल्तिको बजार मुल्य अनुसार कम दर रेट मा खरिद गरिने छ।

## १४. <u>हिउदे , बर्षे तथा बहुबर्षे घाँसको विऊ / बेर्ना खरिद तथा वितरण</u>

यस नगरपालिका क्षेत्र भित्रका पशुपालक कृषकहरुका पशुहरु लाई विभिन्न प्रकारका उन्नत जातका घाँस खेतिको विकास तथा विस्तार गर्नुका साथै पशु आहारामा कमिहुन नदिने उद्देश्यले यो कार्यक्रम राखिएको छ।

**१४.१. उद्धेश्य:**

(१) कृषकहरुका पशुहरु लाई आहारामा कमी हुन नदिने र हुनसक्ने आर्थिक नोक्सानिबाट जोगाऊने।

(२) पशुहरु उत्पादनमा कमी हुन बाट बचाऊने।

(३) पशुहरु लाई विभिन्न प्रकारका सरुवारोग बाट जोगाऊदै पशुधनको संरक्षण हुनेछ।

**१४.२. कार्यविधि:**

(१) सूचना प्रकासन गरिनेछ तथा कोटेसनका आधारमा कार्यक्रम गरिने छ।

(२) कोटेसनमा सबै भन्दा न्युनमुल्य भएको पाटी लाई काम गर्न अनुमति दिईने छ।

**१४.३. आर्थिक मापदण्ड**

(१) कार्यलय बाटै खरिद गर्दा न्युनतम मुल्यमा खरिद गर्नु पर्ने छ।

(२) बाह्य नगगरपालिका तथा अन्य जिल्ला बाट खरिद गर्नु परेमा ढुवानिको विल पेश गरि भुक्तानि लिन मिल्ने छ।



CS CamScanner

# परिक्षेद - ४

## पर्यावरण संरक्षण कार्यक्रम

### १५. सामुदायिक कुकुर / छाडा चौपाय नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम

समुदायमा वेवारिसे अवस्थामारहेका विभिन्न कुकुर,गाई ,बाछा तथा अन्य चौपायहरुको सामान्य अवस्था विरामी तथा आपातकालिन अवस्थामा समेत उद्धार गरि व्यवस्थापन गर्न,सडक दुर्घटना न्युनिकरण गर्न र व्यवस्थित तथा सुन्दर नगर बनाउने प्रयासका साथ यस प्रकारको कार्यक्रम राखिएको छ ।

**१५.१ उद्धेश्य:**

(१) सडक दुर्घटना न्युनिकरण गर्न ब्यवस्थित तथा सुन्दर नगर बनाउन ।

(२) समुदायमा वेवारिसे अवस्थामारहेका विभिन्न कुकुर,गाई ,बाछा तथा अन्य चौपायहरुको सामान्य अवस्था र आपातकालिन अवस्थामा समेत उद्धार गरि व्यवस्थापन गर्न ।

**१५.२ कार्यविधि:**

(१) विभिन्न पशु कल्याणकारी तथा समाज सेवि संघ संस्थाहरु संग समन्वय गरि सहकार्यमा कार्यक्रम गर्ने ।

(२) यस प्रकारका संघ संस्थाहरु संग दोहोरो सम्झौता तथा प्रतिवद्धता गरि गराई कार्यक्रम गरिनेछ ।

**१५.३ आर्थिक मापदण्ड**

यस नगरपालिकाको आर्थिक समिति तथा लेखा शाखाको परामर्शमा खर्च गरि कार्यक्रम सम्पन्न गरिने छ ।

### १६. जैविक खाडल (Biological pit) निर्माण

वातावरणीय प्रदुषण कम गर्न वेवारिस अवस्थामा मरेका अथवा उपचारको शिलसिलामा मरेका पशुहरुको शव व्यवस्थापन गर्नकोलागि आवस्यक पर्ने गहिरो जैविक खाडल बनाउन यो कार्यक्रम सञ्चालन कार्यविधि तयार गरिन्छ ।

**१६.१. उद्धेश्य:**

(क) नगरपालिका भित्रका विभिन्न क्षेत्रहरुमा अव्यवस्थित रुपमा मरेका पशुहरुको व्यवस्थित रुपमा व्यस्थापन गर्न ।

(ख) नगरपालिका भित्रको वातावरणीय प्रदुषण न्यूनिकरण गर्न ।



CamScanner

### १६.२. कार्यविधि:-

(क) यो जैविक खाडल (Biological pit)ले वातावरणमा प्रतिकुल प्रभाव नपार्ने भएकाले नगरपालिका भित्र रहेको सार्वजनिक वा पालिकाको उपयोग अधिकार भएको जग्गामा यो खाडल तयार गरिने छ ।

(ख) जैविक खाडल (Biological pit) निर्माण भई सकेपछी सञ्चालन तथा ब्यवस्थापन कार्य पशुपंन्छी विकास शाखाका पशुचिकित्सक सदस्य सचिव तथा आर्थिक समितिका संयोजकको संयोजकत्वमा नगर प्रहरी तथा सवारी चालक सहिको जैविक खाडल (Biological pit) व्यवस्थापन समिति वनाई संचालन तथा ब्यवस्थापन कार्य गरिने छ।

(ग) १.५ मिटर ब्यास र ८ देखि १०मिटर गहिरो गोलाकार खाडल तयार गरिनेछ।

### १६.३. आर्थिक मापदण्ड

(क) सूचना प्रकाशन गरिने छ तथा कोटेसनका आधारमा खाल्डो निर्मण कार्य गरिने छ।

(ख) कोटेसनमा सबै भन्दा न्युनमुल्य भएको पाटी लाई काम गर्न अनुमति दिईने छ।

(ग) कार्यालय भित्र उपचारको सिलसिलामा मृत्यू भएका पशुहरुको व्यवस्थापनमा कुनै खर्चको व्यवस्थ गरिने छैन।

(घ) यर नगपालिका क्षेत्रका कुनैपनि वडाहरुमा बेवारिसे पशुहरुको आकस्मिक /दर्घटना वा कुनै पनी कारणले मृत्यूभएमा र त्यस स्थानमा शव व्यवस्थापन गर्ने स्थानको अभाव भएमा शव व्यवस्थापन गर्ने लेवर खर्च र उक्त कार्यमा खटिने कार्मचारिहरुको खाजा खर्च विक खाडल (Biological pit) व्यवस्थापन समितिको सिफारिसमा / अनुरोधमा तारकेश्वर नगरपालिकाले व्यवस्था गर्ने छ।

## परिक्षेद - ५
## विविध

### १७. <u>समुह/समितिहरु दर्ता गर्नका लागि दिने निवेदन</u>

कृषि तथा पशुपालन गर्ने उद्देश्यले पशुपन्छी विकास शाखा/कृषि विकास शाखाको कार्यविधी तथा निर्देशिका वा मापदण्ड भित्र रहेर तथा उल्लेखित शाखा कार्यालयहरुको निगरानी वा निर्देशनमा रहि गठन गरिएका कृषि तथा पशुपतलन समुह/ समिति र मूल समुह/ मूल समितिहरुले अनुसुचि ७अनुसारको आवेदन पशुपन्छी विकास शाखा/कृषि



CamScanner

विकास शाखामा दिएमा यसै कार्यविधि परिक्षेद ३ को धारा ५ मा उल्लेख भए बमोजिमको दस्तुर बुझाई आएमा दर्ता प्रकृया अघिबढ्ने छ ।

**१८. दर्ता किताब**

पशुपालक (गाई,भैसी,बाख्रा/भेडा,कुखुरा,हाँस, टर्की,परेवा,माछा र विभिन्न घाँस खेति लगायत तरकारि तथा फल फुल वा अन्न वालीको समेत काम काज गर्नका लागी गठित) कृषक समुह समिति तथा मूल समिति दर्ता यसै कार्यविधि अनुसुचि ८अनुसारको दर्ता कितावमा रेकर्ड अध्यावधिक हुने छ ।

**१९. मापदण्ड:-**

कार्यक्रम संचालको दौरन कुनैपनी कार्यक्रम संचालन गर्न कठिनाई भएमा कार्यविधी संग नवाझिने गरी कुने पनी मापदण्ड वनाई कार्यक्रम गर्न सकिने छ ।

**२०. खारेजी तथा वचाउ:-**

१. यो कार्यविधि लागु हुनु पुर्व यस संग संबन्धी भए गरिएका कार्यहरु यसै कार्यविधि वमोजीम भए गरेको मानिनेछ ।

२. यो कार्यविधिको ब्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

३. यो कार्यविधि नगर कार्यपालिकाले जुनसुकै वखत पूर्ण वा आँशिक रपमा सम्सोधन वा खारेज गर्न सक्ने छ ।



CamScanner

**अनुसूची–१**

**(कार्यविधिको परिक्षेद ३ दफा ४.१ सँग सम्बन्धित)**

# तारकेश्वर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धर्मस्थली, काठमाडौं

**पशुपन्छी पालक कृषक समूह/समिति/मूल समिति,**

**दर्ता प्रमाण- पत्र**

समुहिक र व्यवसायीक पशु/पंछी पालन पद्धतिलाई सुव्यवस्थित गर्दै भेटेरिनरी सेवा तथा पशु प्रसार कार्यलाई टेवा पुर्याउने कृषकको आयस्तरमा बृद्धि गराउने उद्धेश्यले यस नगरपालिका/ यस नगरपालिकाको वडा नं .......मा गठित श्री .......................................... पशु/पंछी पालन कृषक समूह/समिति/मूल समिति यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

दर्ता नं....................

आ.व...........................

दर्ता मितिः...................

| | |
|---|---|
| ....................................... | ....................................... |
| **पशुपंछी विकास शाखा प्रमुख** | **प्रमुख प्रशासकिय अधिकृत** |



CamScanner

# पशुपालक कृषक समूह/समिति/सहकारी,नविकरणको विवरण

**पशुपालन फार्म को नामः- ............................................**

| नविकरण गरिएको मिति | अवधि | नविकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | समूह,सहकारी, फर्मको अध्यक्षको नाम | फोन नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोटः प्रत्येक आ.ब. समाप्त भए पश्चात नविकरण गर्नुपर्नेछ ।**



CamScanner

# अनुसूची–२
## (कार्विधिको दफा ९ सँग सम्बन्धित)
## उत्कृष्ट कृषक/कृषक समूह/समिति छनौट प्रतियोगितामा भाग लिने कृषक समूह/समितिले भर्ने निवेदनको ढाँचा

मितिः.................

श्री पशुपंछी विकास शाखा,
तारकेश्वर नगरकार्यपालिकाको कार्यालय,
धर्मस्थली,काठमाडौं।

नगरपालिका कृषि/पशुपंछी विकास शाखाको लागि प्रतियोगिताको नियमानुसार यहि सालको उत्कृष्ट कृषक छनौट प्रतियोगितामा भाग लिन इच्छुक भएको हुँदा मेरो/हाम्रो नाम दर्ता गरी पाउन अनुरोध गर्दछु/ गर्दछौं। प्रतियोगिताको लागि मैले/हामीले गरेको कृषि/ पशु पन्छिपालन कर्म .................. ................. ......... ................... यस नगरपालिकाको .................. शाखा कार्यालय वा सम्बन्धित प्राविधिकको अनुगमनमा प्राप्त भएको नतिजामा म .................................. लाई मन्जुरी छ। यदि म / हामी बाट कुनै अनियमित कार्य हुने छैन,गलत भएको खण्डमा प्रतियोगितामा म / हामी समावेश हुने छैन / छैनौ। यो निवेदनमा उल्लेखित व्यहोरा मन्जुरी भएकोले प्रतियोगोतामा भाग लिन पाउन अनुरोध गर्दछु/गर्दछौ।

.............
दस्तखत
निवेदक / कृषकको नाम:-
ठेगाना:-
समुह/समितिको नाम:-
सम्पर्क नं.
प्रतियोगितामा समावेश भएको विषय
उत्पादनको नाम .......................
जात ..................................................
परिमाण ..............................................
तौल....................
विशेषता.............................

# अनुसूची–३

## पशुपंछी विकास कार्यक्रमको खर्च नमस्

| सि. नं | नम्सको विवरण | इकाई | दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशिक्षकभत्ता(वाहिरबाटश्रोत व्यक्ति) | प्रति व्यक्ति / कक्षा | ५००० | प्रशिक्षण भत्ता ३०००।- कार्यपत्र २०००।- |
| २ | प्रशिक्षकभत्ता(कार्यालय भित्रबाट श्रोत व्यक्ति) | प्रति व्यक्ति / कक्षा | २५०० | प्रशिक्षक भत्ता १५००।- कार्यपत्र १०००।- |
| ३ | सहजकर्ता पारिश्रमिक | प्रति दिन | १००० | |
| ४ | कार्यक्रम संयोजनक | प्रति दिन | १००० | |
| ५ | व्यवस्थापन सहयोगी | प्रति दिन | ७०० | |
| ६ | कार्यक्रमसहयोगी/कार्यालय सहयोगी | प्रति दिन | ५०० | |
| ७ | खाजा तथा चिया खर्च | प्रति व्यक्ति दिन | २०० | |
| ८ | सहभागी स्टेशनरी | प्रति दिन | १०० | डटपेन कपी ई |
| ९ | तालिम स्टेशनरी | लमसम प्रति व्यक्ति | २५०० | मार्कर, ब्राउन पेपर ई |
| १० | उदघाटन समापन खर्च | प्रति तालिम | ५००० | |
| ११ | प्रतिवेदन लेखन (नेपाली) | प्रति तालिम | २००० | |
| १२ | सहभागीलाई यातायात खर्च | प्रति व्यक्ति / दिन | ५०० | |
| १३ | हल भाडा | प्रति दिन | ० | प्रचलित दर,(बजार भाऊ) अनुसार |
| १४ | अनुगमन खर्च | प्रति दिन/ प्रति व्यक्ती | २००० | |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५ | समिति बैठक भत्ता | प्रति ब्यक्ती | १५०० | |
| १६ | खाना खर्च | प्रति व्यक्ति / छाक | ४५० | |
| १७ | आवासिय तालिम खर्च | प्रति व्यक्ति / दिन | २००० | खाना र वास समेत |
| १८ | आवश्यक अन्य विविध सामाग्रीहरु | प्रति कार्यक्रम | ५००० | |
| १९ | व्यवस्थापन खर्च | प्रति कार्यक्रम | ४०००० | विभिन्न पशु स्वास्थ्य शिविर १ दिने गोष्ठीहरु आदी समेत का लागी |
| २० | विविध खर्च | प्रति कार्यक्रम | २०००० | उत्कृष्ठ कृषक / समूह / समिति / पुरस्कार कार्यक्रमको पुरस्कारको लागि समेत |

**नोटः पुरस्कारमा करकट्टि व्यवस्था नियमानुसार हुने छ**



CamScanner

# अनुसूची–४

# (कार्विधिको दफा ६ सँग सम्बन्धित)

**पशुपंछी विकास शाखा द्वारा सञ्चालित पशुपालन तालिम ५ दिनेको लागत खर्चको मापदण्ड**

| क्र. सं. | विवरण | ईकाई | परिमाण | दिन | दर | रकम | १५% कर कट्टी | १% कर कट्टी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| क | प्रशिक्षक खर्च | | | | | | | | |
| १ | प्रशिक्षक भत्ता (आन्तरिक ) | परिमाण | ४ | ३ | २५०० | ३०००० | ४५०० | | २५५०० |
| | प्रशिक्षक भत्ता (बाहिय) | परिमाण | ४ | २ | ५००० | ४०००० | ६००० | | ३४००० |
| २ | प्रशिक्षण सामाग्री(तालिम सामाग्री ) | पटक | १ | १ | ५००० | ५००० | | ५० | ४९५० |
| ३ | प्रशिक्षक खाजा | परिमाण | ४ | ५ | २०० | ४००० | ६०० | | ३४०० |
| | क जम्मा | | | | | ७९००० | ६३०० | ६० | ४१६४० |
| ख | तालिम सहभागी खर्च | | | | | | | | ० |
| १ | सहभागी यातायात खर्च | संख्या | २० | ५ | ५०० | ५०००० | | | ५०००० |
| २ | सहभागी खाजा खर्च | परिमाण | २० | ५ | २०० | २०००० | | २०० | १९८०० |
| ३ | स्टेसनरी | परिमाण | २० | १ | १०० | २००० | | २० | १९८० |
| | ख जम्मा | | | | | ७२००० | | २०० | ७१७८० |
| ग | व्यवस्थापन समूह खर्च | | | | | | | | ० |
| १ | तालिम संयोजक / सहजकर्ता भत्ता | दिन | १ | ५ | १००० | ५००० | ७५० | | ४२५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | तालिम सहयोगी भत्ता | दिन | १ | ५ | ७०० | ३५०० | ५२५ | | २९७५ |
| ३ | कार्यलय सहयोगी | परिमाण | १ | ५ | ५०० | २५०० | ३७५ | | २१२५ |
| ४ | तालिम अनुगमन भत्ता | परिमाण | २ | २ | १००० | ४००० | ६०० | | ३४०० |
| ५ | तालिम सम्पन्न प्रतिवेदन खर्च | पटक | १ | १ | २००० | २००० | ३०० | | १७०० |
| | ग जम्मा | | | | | १७००० | २५५० | ० | १४४५० |
| घ | तालिम सामाग्रीहरु | | | | | | | | |
| १ | प्रयोगात्मक कक्षा/अध्यायन भ्रमण / तालिम सामाग्री | परिमाण | १ | १ | १०००० | १०००० | | ५० | ४९५० |
| २ | चिया खर्च | परिमाण | ४० | ५ | २० | ४००० | | ४० | ३९६० |
| ३ | विविध | परिमाण | १ | १ | २५०० | २५०० | | ९ | ८९१ |
| | पिऊने पानी / सरसफाई | परिमाण | १ | ५ | ४०० | २००० | | ६ | ५९४ |
| ४ | तुल ब्यानर र प्रमाण पत्र | पटक | १ | १ | ३५०० | ३५०० | | ३५ | ३४६५ |
| ५ | ऊद्घघाटन र समापन खाजा खर्च | परिमाण | १ | २ | ५००० | १०००० | | ४० | ३९६० |
| | घ जम्मा | | | | | ३२००० | | १८० | १७८२० |
| | क,ख,ग र घ को जम्मा | | | | | २००००० | ८८५० | ४६० | १४५६९० |

# अनुसूची–५
## (कार्यविधिको दफा ६ सँग सम्बन्धित)
### पशुपंछी विकास शाखा द्वारा सञ्चालित पशुपालन तालिम १ दिनेको लागत खर्चको मापदण्ड

| क्र.सं. | विवरण | ईकाई | परिमाण | दिन | दर | रकम | १५% कर कट्टी | १% कर कट्टी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **क** | **प्रशिक्षक खर्च** | | | | | | | | |
| १ | प्रशिक्षक भत्ता | परिमाण | ४ | १ | २५०० | १०००० | १५०० | | ८५०० |
| २ | प्रशिक्षण सामाग्री स्टेसनरी | पटक | १ | १ | ५००० | ५००० | | ५० | ४९५० |
| | प्रशिक्षकखाजा | | ४ | १ | २०० | ८०० | | | ८०० |
| | **जम्मा** | | | | | १५८०० | १५०० | ५० | १४२५० |
| **ख** | **तालिम सहभागी खर्च** | | | | | | | | |
| २ | सहभागीखाजा खर्च | परिमाण | २० | १ | २०० | ४००० | | | ४००० |
| ३ | स्टेसनरी | परिमाण | २० | १ | १०० | २००० | | २० | १९८० |
| | विविध | परिमाण | १ | १ | ५०० | ५०० | | | ५०० |
| | **जम्मा** | | | | | ६००० | | २० | ६४८० |
| **ग** | **व्यवस्थापन समूह खर्च** | | | | | | | | |
| १ | तालिम संयोजक भत्ता | दिन | | | | | | | |
| २ | तालिम सहयोगी भत्ता | दिन | | | | | | | |



CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | कार्यलय सहयोगी | परिमाण | १ | १ | ५०० | ५०० | | | ५०० |
| | व्यवस्थापन समूह खाजा खर्च | परिमाण | २ | १ | २०० | ४०० | | | ४०० |
| ४ | तालिम अनुगमन भत्ता | परिमाण | | | | | | | |
| ५ | तालिम सम्पन्न प्रतिवेदन खर्च | पटक | | | | | | | |
| | **जम्मा** | | | | | ९०० | | | ९०० |
| **घ** | **तालिम सामाग्रीहरु** | | | | | | | | |
| १ | पिऊने पानी | परिमाण | १ | १ | ७०० | ७०० | | ७ | ६९३ |
| २ | कप / चिया खर्च | परिमाण | १ | १ | ६०० | ६०० | | ६ | ५९४ |
| ३ | | परिमाण | | | | ० | | ० | ० |
| ४ | तुल ब्यानर र प्रमाण पत्र | पटक | १ | १ | १००० | १००० | | १० | ९९० |
| ५ | ऊद्धघाटन र समापन खाजा खर्च | परिमाण | | | | | | | ० |
| | **जम्मा** | | | | | २३०० | | २३ | २२७७ |
| | **क,ख,ग र घ को जम्मा** | | | | | २५००० | १५०० | ९३ | २३९०७ |



CamScanner

# अनुसूची–६
# (कार्विधिको दफा ६ सँग सम्बन्धित)

**पशुपंछी विकास शाखा द्वारा संचालित पशुपालन तालिम ३ दिनेको लागत खर्चको मापदण्ड**

| क्र.सं. | विवरण | ईकाई | परिमाण | दिन | दर | रकम | १५% कर कट्टी | १% कर कट्टी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| क | प्रशिक्षक खर्च | | | | | | | | |
| १ | प्रशिक्षक भत्ता (आन्तरिक) | परिमाण | ४ | २ | २५०० | २०००० | ३००० | | १७००० |
| | प्रशिक्षक भत्ता (बाहिय) | परिमाण | ४ | १ | ५००० | २०००० | ३००० | | १७००० |
| २ | प्रशिक्षण सामाग्री | पटक | १ | १ | ५००० | ५००० | | ५० | ४९५० |
| ३ | प्रशिक्षक खाजा | परिमाण | ४ | ३ | २०० | २४०० | | | २४०० |
| | क जम्मा | | | | | ४७४०० | ६००० | ५० | ४१३५० |
| ख | तालिम सहभागी खर्च | | | | | | | | |
| १ | सहभागी यातायात खर्च | संख्या | २० | ३ | ५०० | ३०००० | | | ३०००० |
| २ | सहभागी खाजा खर्च | परिमाण | २० | ३ | २०० | १२००० | | १२० | ११८८० |
| ३ | स्टेसनरी | परिमाण | २० | १ | १०० | २००० | | २० | १९८० |
| | ख जम्मा | | | | | ४४००० | | १४० | ४३८६० |
| ग | व्यवस्थापन समूह खर्च | | | | | | | | ० |
| १ | तालिम संयोजक / सहजकर्ता भत्ता | दिन | १ | ३ | १००० | ३००० | ४५० | | २५५० |
| २ | तालिम सहयोगी भत्ता | दिन | १ | ३ | ७०० | २१०० | ३१५ | | १७८५ |
| ३ | कार्यलय सहयोगी | परिमाण | १ | ३ | ५०० | १५०० | २२५ | | १२७५ |



CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | **तालिम अनुगमन भत्ता** | **परिमाण** | १ | २ | १००० | २००० | ३०० | | १७०० |
| ५ | **तालिम सम्पन्न प्रतिवेदन खर्च** | **पटक** | १ | १ | २००० | २००० | ३०० | | १७०० |
| | **व्यवस्थापन समूह खाजा खर्च** | **परिमाण** | ४ | ३ | २०० | २००० | ३०० | | १७०० |
| | **ग जम्मा** | | | | | १२६०० | १५९० | ० | ९०१० |
| **घ** | **तालिम सामाग्रीहरु** | | | | | | | | |
| **१** | **प्रयोगात्मक कक्षा/अध्यायन भ्रमण / तालिम सामाग्री/विविध** | **परिमाण** | १ | १ | १०००० | १०००० | | ४१ | ४०५९ |
| २ | **चिया खर्च** | **परिमाण** | ४० | ३ | | ० | | २४ | २३७६ |
| ३ | **विविध** | **परिमाण** | १ | १ | | ४००० | | ९ | ८९१ |
| | **पिऊने पानी / सरसफाई** | **परिमाण** | १ | ३ | ० | ० | | ६ | ५९४ |
| ४ | **तुल ब्यानर र प्रमाण पत्र** | **पटक** | १ | १ | ३००० | ३००० | | ३० | २९७० |
| ५ | **ऊद्घघाटन र समापन खाजा खर्च** | **परिमाण** | १ | २ | २००० | ४००० | | ४० | ३९६० |
| | **घ जम्मा** | | | | | २१००० | | १५० | १४८५० |
| | **क,ख,ग र घ को जम्मा** | | | | | १२५००० | ५४९० | ३३४ | ९४१७६ |



CamScanner

# अनुसूची – ७
## निवेदन पत्रको ढाँचा
## (कार्विधिको दफा ४ र ५ सँग सम्बन्धित)

मिति:-…………..

श्री तारकेश्वर नगरपालिका
पशुपन्छी विकास शाखा

विषय:- समुह दर्ता संबन्धमा।

प्रस्तुत विषयमा मिति ...............साल ......महिना......गते यस नगरपालिका वडा नं........ को ...................गाँउ / टोलमा .........सदसिय समुह/ समिति गठन भई कृषि तथा पशुपान संबन्धि समुहको विधान अन्तर्गत रहि काम-काज गरि रहेको साथैआगामी दिनमा समेत तारकेश्वर नगरपालिका पशुपन्छी विकास शाखाको नीति तथा निर्देशनमा रहि कार्य गर्न ईच्छुक भएको हुनाले यस कार्यालयमा ....................................................पालन समुह/ समिति/मूल समिति दर्ता गरि दिनुहुन अनुरोध छ।

१. समुहको बैठक निर्णयको प्रतिलिपी ....१
२. संलग्न सदस्यहरुको ना.प्र.प.को प्रतिलिपि .........१/१
३. समुहको विधान ..........................२ प्रती
४. संबन्धित वडा कार्यालयको सिफारिस .....१

**अध्यक्ष**
**नाम:-………………..**
**दस्तखत:-…………..**
**मिति:-……………….**
**मो.नं.:-……………….**



CS CamScanner

# अनुसूची – ८

## समुह/समिति/मूल समितिको दर्ता किताव

### (कार्विधिको दफा ४ र ५ सँग सम्बन्धित)

### समुह/समिति/मूल समितिको दर्ता किताबको ढाँचा

| दर्ता नं. | दर्ता मिति | समुह/ समिति/मूल समितिको नाम र ठेगाना | समुह/ समिति/मूल समितिको पदाधिकारिहरुको नाम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



CamScanner

# अनुसूची – ९

## (कार्विधिको दफा ४ र ५ सँग सम्बन्धित)

## समुह/समिति/मूल समितिको विधानको ढाँचा

| | |
|---|---|
| १. समुह/समिति/मूल समितिको नाम | १८. गणपुरक संख्या |
| २. परिभाषा | १९. समुह/समितिको कोष |
| ३. चिन्ह र छाप | २०. खाता संचालन |
| ४. समुह/समितिको उद्देश्य | २१. कोषको रकम खर्च गर्ने तरिका |
| ५. उद्देश्य प्राप्तिका लागी गरिने काम | २२. समुह/समितिको लेखा र लेखा परिक्षण |
| ६. समुह/समितिको वर्गिकरण | २३. निर्वाचन |
| ७. सदस्यता प्राप्तिका लागी आवश्यक योग्यता | २४. उम्मेदवार हुने योग्यता |
| ८. सदस्यता प्राप्त गर्न वा वहाल रहने नसक्ने अवस्था | २५. अविश्वासको प्रस्ताव |
| ९. सदस्यताको समाप्ती | २६. विधान संसोधन |
| १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधी | २७. नियम वनाउन सक्ने |
| ११. साधारण सभा गठन | २८. कर्मचारी व्यवस्था |
| १२. साधारण सभाको काम कर्तब्य र अधिकार | २९. समुह/समितिको खारेजी |
| १३. कार्य समितिको गठन | ३०. व्याख्या |
| १४. कार्य समितिको काम,कर्तव्य र अधिकार | ३१. गोप्यता भंग गर्न नहुने |
| १५. पद त्याग गर्न सक्ने | ३२. कार्यविधि अनुसार हुने |
| १६. अन्य समिति | ३३. निर्देशनाको पालना |
| १७. पदाधिकारिहरुको काम,कर्तव्य र अधिकार | ३४. तदर्क समिति |



CamScanner

## अनुसुची १०
## (कार्विधिको दफा ४ र ५ सँग सम्बन्धित)

**मिति:-…………..**

**श्री तारकेश्वर नगरपालिका**
**पशुपन्छी विकास शाखा**

**विषय:- समिति / मूल समिति दर्ता संबन्धमा ।**

प्रस्तुत विषयमा मिति ……………साल ……महिना……गते यस नगरपालिका वडा नं…….. को ………………गाँउ / टोलमा ………सदसिय समुह/ समिति गठन भई कृषि तथा पशुपान संबन्धि समुहको विधान अन्तर्गत रहि काम-काज गरि रहेको साथैआगामी दिनमा समेत तारकेश्वर नगरपालिका पशुपन्छी विकास शाखाको नीति तथा निर्देशनमा रहि कार्य गर्न ईच्छुक भएको हुनाले यस कार्यालयमा ……………………………………………पालन समुह/ समिति/मूल समिति दर्ता गरि दिनुहुन अनुरोध छ ।

५. समिति/मूल समितिको बैठक निर्णयको प्रतिलिपी ….१
६. संलग्न सदस्यहरुको ना.प्र.प.को प्रतिलिपि ………१/१
७. संलग्न सदस्यहरुको pp साइजको फोटो २ प्रति
८. संलग्न सदस्यहरुको तिन पुस्ते विवरण १ प्रति
९. समिति/मूल समितिको विधान ………………२ प्रती
१०. समितिको हकमा संबन्धित वडा कार्यालयको सिफारिस …..१

अध्यक्ष
नाम:-…………………
दस्तखत:-…………..
मिति:-…………………
मो.नं.:-…………………

**आज्ञाले,**
**प्रमुख प्रशासकीय अधिकृत**
**दिनेशराज वन्त**



CamScanner